# विपद् व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८

कार्यकारी समितिबाट स्वीकृत मिति २०७८/१०/१४

**प्रस्तावना**

विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, विपद् प्रतिकार्य, पुनर्निर्माण र पुनर्स्थापनाका लागि स्वयंसेवकहरूलाई प्रभावकारी रूपमा परिचालन तथा व्यवस्थापन गर्न आवश्यक नीतिगत, कानुनी र संरचनागत व्यवस्था गरी प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुने जनधनको क्षति कम गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन २०७५) को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "विपद् व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८" रहेकोछ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले विपद् व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ सम्झनुपर्छ ।

(ग) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिम गठित कार्यकारी समिति सम्झनुपर्छ ।

(घ) "नियम" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ सम्झनुपर्छ ।

(ङ) "प्राधिकरण" भन्नाले ऐनको दफा १० बमोजिम गठित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(च) "व्युरो" भन्नाले राष्ट्रिय व्यूरो, प्रदेश व्यूरो, जिल्ला व्यूरो र गाउँपालिका/नगरपालिका व्यूरोलाई सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार गृह मन्त्रालय सम्झनुपर्छ ।

(ज) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरी समेतलाई सम्झनुपर्छ ।

(झ) "सूचीकरण" भन्नाले यस कार्यविधि बमोजिम स्वयंसेवक व्यक्ति वा स्वयंसेवक सञ्चालन गर्ने संघ, संस्थालाई राष्ट्रिय विपद् तथ्याङ्क तथा सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रकृया र परिणामलाई सम्झनुपर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ ।

(ट) "स्वयंसेवक" भन्नाले यो कार्यविधि बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा बिना पारिश्रमिक स्वेच्छाले खटिने जनशक्ति सम्झनुपर्छ ।

## परिच्छेद — २
## मार्गदर्शक सिद्धान्त र उद्देश्य

३. **स्वयंसेवक परिचालन र स्वयंसेवक ब्युरोका मार्गदर्शक सिद्धान्तः** (१) यस कार्यविधि बमोजिम गठित स्वयंसेवक ब्युरोले कार्यसम्पादन गर्दा देहायका मार्गदर्शक सिद्धान्तको अवलम्बन गर्नुपर्नेछः

(क) मानवता

(ख) प्रतिबद्धता

(ग) स्वामित्व

(घ) समावेशिता

(ङ) ऐक्यबद्धता

(च) निष्पक्षता

(छ) तटस्थता

(२) उपदफा (१) मा उल्लेखित मार्गदर्शक सिद्धान्त स्वयंसेवक ब्युरो, स्वयंसेवाका लागि खटिने स्वयंसेवक तथा सम्बन्धित सरोकारवालाहरूले यो कार्यविधिको उद्देश्य बमोजिम कार्यसम्पादन गर्दा पालना गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित मार्गदर्शक सिद्धान्तहरूलाई स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ संस्था वा निकायले पालना गर्नुपर्ने अनुशासन, मापदण्ड तथा आचारसंहितामा समेत उल्लेख गरी लागु गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम, मापदण्ड तथा आचारसंहिता तयार गर्दा अन्तर्राष्ट्रिय मानवीय कानुन र मूल्यमान्यता, प्रचलित कानुन, स्थानीय समुदायका सँस्कार, लैङ्गिक समता, फरक क्षमता भएका व्यक्तिहरूको आधारभुत अधिकार र मानव अधिकारको रक्षाका बिषयलाई समेत ध्यान दिनुपर्नेछ।

४. **उद्देश्यः** (१) यस कार्यविधिको मुख्य उद्देश्य प्राकृतिक र गैरप्राकृतिक प्रकोपजन्य विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्वयंसेवकहरूको संस्थागत विकास एवम् परिचालन गरी विपद् व्यवस्थापनको प्रभावकारीता अभिवृद्धि गर्नु हो । यस कार्यविधिका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) विपद् व्यवस्थापनका विभिन्न विषयगत क्षेत्रमा स्वयंसेवकहरू संगठित गरी क्षमता अभिवृद्धि गर्नु,

(ख) स्वयंसेवक परिचालनका लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संरचनाको व्यवस्था गर्नु,

(ग) स्वयंसेवक परिचालन गर्ने संघ, संस्था वा निकायका प्रयासलाई एकिकृत गर्नु,

(घ) विपद् व्यवस्थापनमा अन्तर्राष्ट्रिय स्वयंसेवकहरूको परिचालन र व्यवस्थापनमा सहजीकरण गर्नु ।

## परिच्छेद -३

## स्वयंसेवक ब्युरोको गठन र सञ्चालनसम्बन्धी व्यवस्था

**५. राष्ट्रिय स्वयंसेवक ब्युरो गठन तथा सञ्चालनः** (१) राष्ट्रिय स्वयंसेवक ब्युरोको गठन तथा सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणः संयोजक

(ख) सहसचिव, गृह मन्त्रालयको विपद् हेर्ने महाशाखा प्रमुखः सदस्य

(ग) सहसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् व्यवस्थापन तथा आपत्कालिन कार्यसञ्चालन महाशाखाः सदस्य

(घ) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सदस्य

(ङ) सहसचिव, युवा तथा खेलकूद मन्त्रालयः सदस्य

(च) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः सदस्य

(छ) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः सदस्य

(ज) सहसचिव, वन तथा वातावरण मन्त्रालयः सदस्य

(झ) सहसचिव, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयः सदस्य

(ञ) सहसचिव, शहरी विकास मन्त्रालयः सदस्य

(ट) सहसचिव, संचार तथा सूचना प्रविधि मन्त्रालयः सदस्य

(ठ) सहसचिव, खानेपानी मन्त्रालयः सदस्य

(ड) सहसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः सदस्य

(ढ) सहायक रथी, नेपाली सेना (राष्ट्रिय सेवादल)ः सदस्य

(ण) प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरीः सदस्य

(त) सशस्त्र प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी वल नेपालः सदस्य

(थ) अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभागः सदस्य

(द) प्रतिनिधि, समाज कल्याण परिषद: सदस्य

(ध) प्रतिनिधि, नेपाल स्थित राष्ट्रसंघीय आवासीय कार्यालयः सदस्य

(न) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटीः सदस्य

(प) प्रतिनिधि, नेपाल स्काउटः सदस्य

(फ) प्रतिनिधि, राष्ट्रिय युवा परिषदः सदस्य

(ब) प्रतिनिधि, नगरपालिका संघ: सदस्य

(भ) प्रतिनिधि, गाउँपालिका महासंघ: सदस्य

(म) प्रतिनिधि, उद्योग बाणिज्य महासंघ नेपाल: सदस्य

(य) प्रतिनिधि, च्याम्बर अफ कमर्श: सदस्य

(र) नेपाल पत्रकार महासंघका प्रतिनिधिः सदस्य

(ल) प्रतिनिधि, गैरसरकारी संस्था महासंघ नेपाल: सदस्य

(व) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशिल संघ संस्था वा निकायका प्रमुख वा प्रतिनिधि मध्ये प्राधिकरणका कार्यकारी प्रमुखद्वारा मनोनित कम्तीमा एक जना महिला सहित तीन जनाः सदस्य

(श) प्राधिकरणको विपद् प्रतिकार्य सम्बन्धी काम गर्ने शाखा प्रमुखः सदस्य सचिव

(२) संयोजकले आवश्यक्तानुसार सम्बन्धित विज्ञलाई ब्युरोको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (व) बमोजिम मनोनित सदस्यको पदावधि बढीमा २ (दुई) बर्षको हुनेछ ।

६. **<u>राष्ट्रिय स्वयंसेवक ब्युरोको बैठकसम्बन्धी व्यवस्थाः</u>** (१) राष्ट्रिय स्वयंसेवक ब्युरोको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया वर्षको कम्तीमा दुई पटक बस्नेछ । तर आवश्यकतानुसार जुनसुकै समयमा पनि संयोजकले बैठक बोलाउन सक्नेछ ।

(२) संयोजकको अनुपस्थितिमा प्राधिकरणका महाशाखा प्रमुखको संयोजकत्वमा बैठक बस्न सक्नेछ ।

(३) बैठक सञ्चालनको कार्यविधि राष्ट्रिय स्वयंसेवक ब्युरो आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बैठकको निर्णय सामान्यतया सर्वसम्मत वा उपस्थित सदस्य संख्याको बहुमतको आधारमा हुनेछ ।

७. **<u>राष्ट्रिय स्वयंसेवक ब्युरोको काम, कर्तव्य र अधिकारः</u>** (१) राष्ट्रिय स्वयंसेवक ब्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वयंसेवक परिचालनसम्बन्धी आवश्यक मापदण्ड, आचारसंहिता र राष्ट्रिय कार्ययोजना लगायतका विषयहरू तर्जुमा गर्ने र प्राधिकरण मार्फत कार्यकारी समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने।

(ख) स्वयंसेवकले गर्ने कार्यको विषयगत क्षेत्र, कामको प्रकृति र विपद् जोखिमको अवस्था अनुसार स्वयंसेवामा परिचालन हुँदा आवश्यक पर्ने ब्यक्तिगत सुरक्षा सामग्री, पोशाक, न्यूनतम बन्दोबस्तीका सामग्री र अन्य आधारभुत आवश्यकताका सामग्री र सुविधा सम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने, गराउने।

(ग) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने विभिन्न संघ संस्था वा निकाय तथा स्वयंसेवकको पञ्जीकरण, नियमन र संस्थागत विकास गर्ने, गराउने।

(घ) स्वयंसेवाका लागि आह्वान गर्ने।

(ङ) विपद् प्रतिकार्यको समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवी संघ संस्था वा निकाय तथा स्वयंसेवक परिचालन गर्दा आवश्यक सहयोग, समन्वय, सहजीकरण गर्ने।

(च) प्रदेश स्वयंसेवक ब्युरो, जिल्ला स्वयंसेवक ब्युरो तथा गाउँपालिका/नगरपालिका स्वयंसेवक ब्युरो मार्फत स्वयंसेवक संघ संस्था वा निकाय वा समूहको परिचालन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

(छ) स्वयंसेवी संघ संस्था वा निकाय तथा स्वयंसेवकहरूको ज्ञान, सिप र क्षमता विकास गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

(ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यमा स्वयंसेवक विकास तथा परिचालन सम्बन्धमा प्राधिकरणले तोकेका अन्य कार्यहरू गर्ने।

(झ) ब्युरोले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय तहमा क्रियाशील संघ संस्था वा निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्नसक्नेछ।

(२) राष्ट्रिय स्वयंसेवक ब्युरोको बैठक तत्काल बस्न नसक्ने अवस्थामा ब्युरोले गर्नुपर्ने कार्य गर्न ब्युरोका सदस्यसचिवको संयोजकत्वमा सदस्यहरू मध्येबाट एक कार्यदल गठन गर्न सक्नेछ।

(३) राष्ट्रिय स्वयंसेवक ब्युरोको बैठक तत्काल बस्न नसक्ने अवस्थामा ब्युरोको कार्य नियमित सञ्चालन गर्न राष्ट्रिय स्वयंसेवक ब्युरोले कार्यदललाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

८. **राष्ट्रिय स्वयंसेवक ब्युरोको सचिवालय सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रिय स्वयंसेवक ब्युरोको सचिवालयको काम प्राधिकरणको सम्बन्धित शाखाले गर्नेछ।

(२) राष्ट्रिय स्वयंसेवक ब्युरोको दैनिक प्रशासनिक कार्य सञ्चालनमा काम गर्न आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था प्राधिकरणले गर्नुपर्नेछ।

९. **प्रदेश स्वयंसेवक ब्युरो गठन र सञ्चालनः** (१) प्रदेशको विपद् व्यवस्थापन हेर्ने मन्त्रालयले तोकेको पदाधिकारीको संयोजकत्वमा सरोकारवाला मन्त्रालय, निर्देशनालय, सुरक्षा निकायका प्रतिनिधिहरू, गैरसरकारी संस्था तथा नागरिक समाजको समेत प्रतिनिधित्व रहनेगरी प्रदेश स्वयंसेवक ब्युरो गठन गर्न सक्नेछ।

(२) प्रदेश स्वयंसेवक ब्युरोले ब्युरोको कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।

१०. **जिल्ला स्वयंसेवक ब्युरोको गठन तथा सञ्चालनः** (१) जिल्ला स्वयंसेवक ब्युरोको गठन तथा सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारीले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी वा प्रशासकिय अधिकृत: संयोजक

(ख) प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय: सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्लास्थित नेपाली सेना: सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालयः सदस्य

(ङ) अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपालः सदस्य

(च) अधिकृत प्रतिनिधि, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयः सदस्य

(छ) अधिकृत प्रतिनिधि, जनस्वास्थ्य कार्यालयः सदस्य

(ज) अधिकृत प्रतिनिधि, शिक्षा समन्वय ईकाइ: सदस्य

(झ) प्रतिनिधि, जिल्ला खेलकुद समिति: सदस्य

(ञ) प्रतिनिधि, उद्योग बाणिज्य संघ: सदस्य

(ट) प्रतिनिधि, जिल्ला युवा परिषद: सदस्य

(ठ) प्रतिनिधि, नेपाल स्काउट जिल्ला शाखा: सदस्य

(ड) प्रतिनिधि, जिल्ला स्थित गैरसरकारी संस्था महासंघः सदस्य

(ढ) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखाः सदस्य

(ण) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, जिल्ला समिति

(त) संयोजकले तोकेको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको कर्मचारीः सदस्य सचिव

(२) संयोजकले आवश्यकता अनुसार सम्बन्धित व्यक्तिलाई ब्युरोको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) जिल्ला स्वयंसेवक ब्युरोको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया वर्षको कम्तीमा ३ पटक बस्नेछ। आवश्यकतानुसार संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ।

(४) जिल्ला स्वयंसेवक ब्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) राष्ट्रिय स्वयंसेवक ब्युरो र प्रदेश स्वयंसेवक ब्युरोले लागु गरेका कार्यविधि, मापदण्ड र कार्ययोजना कार्यान्वयन गर्ने।

(ख) विपद् प्रतिकार्यको समयमा जिल्ला अन्तर्गतका स्वयंसेवी संघ संस्था वा निकाय तथा स्वयंसेवक परिचालन गर्दा आवश्यक सहयोग, समन्वय, सहजीकरण र नेतृत्व गर्ने।

(ग) विपद्को प्रकृति र आवश्यकता अनुसार विभिन्न स्वयंसेवक समूह गठन गरी परिचालन गर्ने, गराउने।

(घ) जिल्ला अन्तरगतका स्वयंसेवी संघ संस्था र स्वयंसेवकहरूको ज्ञान, सिप र क्षमता विकास गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

(ङ) जिल्ला विपद् व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने।

**११. गाउँपालिका/नगरपालिका स्वयंसेवक ब्युरो गठन तथा सञ्चालनः**(१) स्थानीय तहमा गाउँ/नगर कार्यपालिकाले तोकेको पदाधिकारीको संयोजकत्वमा सरोकारवाला निकायको प्रतिनिधित्व रहने गरी स्वयंसेवक ब्युरो गठन तथा परिचालन गर्न सक्नेछ।

(२) स्थानीय तहले ब्युरोको कार्यविधि बनाई आफै व्यवस्थित गर्न सक्नेछ।

## परिच्छेद - ४
## स्वयंसेवाका विषयगत क्षेत्र सम्बन्धी व्यवस्था

**१२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्वयंसेवाका विषयगत क्षेत्र निर्धारण:** (१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्वयंसेवक परिचालन गर्न देहायका क्षेत्रहरू निर्धारण गरी आवश्यकता अनुसार थप विशिष्टिकृत गर्न सकिनेछ ।

(क) विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना तथा पूर्वसूचना, तयारी रोकथाम सम्बन्धी विषय,

(ख) विपद्मा परेका व्यक्तिहरूको खोज तथा उद्धारको कार्य र राहत वितरण एवं व्यवस्थापन सम्बन्धी विषय,

(ग) प्राथमिक उपचार तथा आधारभूत स्वास्थ्योपचार सम्बन्धी विषय,

(घ) विपद्बाट भएको क्षतिको द्रुत मूल्याङ्कन र विपद् प्रभावितहरूका लागि जीवनयापनका लागि आवश्यक पर्ने सहायताको लेखाजोखा सम्बन्धी विषय,

(ङ) विपद्मा प्रभावितहरूका लागि मनोसामाजिक परामर्श सम्बन्धी विषय,

(च) अस्थायी आश्रयस्थल, क्याम्प वा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी विषय

(छ) महिला, बालबालिका, जेष्ठ नागरिक, शारीरिक एवं मानसिक असक्त व्यक्तिहरूको संरक्षण र संवर्द्धन सम्बन्धी विषय,

(ज) सम्बन्धित ब्युरोले तोकेका अन्य विषयहरू।

**१३. विज्ञहरूबाट स्वयंसेवा लिन सकिने:** (१) विपद् सम्बन्धी अध्ययन अनुसन्धान, जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी कार्यमा सम्बन्धित ब्युरोले विषय विज्ञको स्वयंसेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विषय विज्ञले स्वयं सेवा उपलव्ध गराए वापत प्राप्त गर्ने न्यूनतम सेवा सुविधा सम्बन्धित ब्युरोसंगको सम्झौता बमोजिम हुनेछ ।

**१४. स्वयंसेवकको योग्यता:** दफा (१२) बमोजिमका विभिन्न विषयगत क्षेत्रमा सेवा गर्ने स्वयंसेवकको न्यूनतम योग्यता र अनुभव राष्ट्रिय स्वयंसेवक ब्युरोले प्रदेश तथा स्थानीय आवश्यकतालाई समेत दृष्टिगत गरी निर्धारण गरे बमोजिम हुनेछ । साथै राष्ट्रिय स्वयंसेवक ब्युरोले स्वयंसेवकको कार्यक्षेत्र र विषयगत क्षेत्र अनुसारको अनुभव, योग्यता, ज्ञान, सिप, क्षमता र स्तर निर्धारण तथा प्रमाणित गर्न आवश्यक मापदण्ड निर्धारण गरी लागु गर्न सक्नेछ ।

**१५. विदेशी स्वयंसेवक सम्बन्धी व्यवस्था:** (१) विपद्को प्रकृति, मात्रा र प्रभाव अनुसार विदेशी स्वयंसेवक वा विज्ञको सेवा लिनुपर्ने अवस्था भएमा प्रचलित कानुन बमोजिम सम्बन्धित विषयक्षेत्रमा योग्य र दक्ष विदेशी स्वयंसेवी संघ, संस्था वा नागरिकलाई स्वयंसेवकको रूपमा परिचालन गर्न सकिनेछ ।

(२) विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभका क्षेत्रमा विदेशी स्वयंसेवक परिचालन हुन प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरेको र संयुक्त राष्ट्रसंघीय निकाय

वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा नेपाल रेडक्रस सोसाइटी वा नेपाल स्काउट जस्ता कुनै राष्ट्रिय गैरसरकारी संघसंस्था वा व्यवसायिक प्रतिष्ठानमा आवद्ध भएको हुनुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम परिचालन हुने विदेशी स्वयंसेवकको कार्यक्षेत्र र सेवाशर्त राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा बमोजिम वा राष्ट्रिय स्वयंसेवक ब्युरोले तोके बमोजिम हुनेछ ।

(४) उपदफा (२) मा उल्लिखित सम्बन्धित संघ संस्था वा निकायले विदेशी नागरिकलाई स्वयंसेवकका रूपमा परिचालन गर्दा प्राधिकरणको अनुमति लिनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम परिचालन हुने विदेशी स्वयंसेवकको ब्यक्तिगत विवरण, निज परिचालन हुने गाउँपालिका वा नगरपालिकाका समुदाय र निजले गर्नुपर्ने कामको विवरण सम्बन्धी लिखित जानकारी सम्बन्धित स्वयंसेवी संस्थाले स्वयंसेवक परिचालन गर्नु अगावै सम्बन्धित गाउँपालिका/नगरपालिका र जिल्ला प्रशासन कार्यालयलाई दिनुपर्नेछ ।

(६) विपद्को प्रकृति र अवस्था हेरी सूचना प्रविधि र दूरसेवाको माध्यमबाट पनि स्वयंसेवक सेवा लिन/दिन सकिनेछ। यस्तो स्वयंसेवाको किसिम, विधि र समयावधि सम्बन्धित स्वयंसेवकको सेवाशर्तमा तोकिए बमोजिम हुनेछ ।

**१६. <u>स्वयंसेवक सङ्गठित हुनुपर्ने</u>:** (१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विभिन्न क्षेत्रमा स्वयंसेवकको रूपमा काम गर्न वा परिचालन हुन ईच्छुक व्यक्तिले दफा १७ बमोजिम अनुमति प्राप्त संघसंस्था वा निकायमा सङ्गठित भएको हुनु पर्नेछ।

तर व्यक्तिगत रूपमा परिचालित हुन चाहने स्वयंसेवकले सम्बन्धित ब्युरोमा सूचीकृत भई परिचालित हुन सक्नेछ ।

(२) कुनै व्यक्ति विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको रूपमा परिचालन हुँदा निज आफु सङ्गठित संस्थाको प्रतिनिधित्व गरी परिचालित हुनेछ ।

**१७. <u>स्वयंसेवक सङ्गठित तथा परिचालन गर्ने संघसंस्था वा निकाय</u>:** (१) प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यमा क्रियाशील संघसंस्था वा निकायबाट दफा १२ बमोजिमका विषयगत क्षेत्रमा रही ब्युरो अन्तर्गत स्वयंसेवकहरू परिचालन हुन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम स्वयंसेवक उपलब्ध गराउने वा परिचालन गर्ने संघ संस्था वा निकायले आफ्नो संघ संस्था वा निकायमा आवद्ध स्वयंसेवकलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अनुभव, योग्यता, ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्न सक्नेछ।

(३) प्रचलित कानून बमोजिम स्वयंसेवक संगठित र परिचालन गर्ने संघ संस्था वा निकायले आफुसँग सङ्गठित स्वयंसेवकको व्यक्तिगत विवरण दोहोरो नपर्ने गरी सम्बन्धित ब्युरोमा पेश गर्नुकासाथै राष्ट्रिय स्वयंसेवक रोष्टरमा समेत सूचीकृत गर्नुपर्नेछ। स्वयंसेवकको व्यक्तिगत विवरण फाराम तयार अनुसूची -२ को ढाँचामा हुनेछ ।

(४) सम्बन्धित ब्युरोले उपदफा (३) बमोजिम आफुसँग सूचीकृत भएका स्वयंसेवक र उनीहरू सङ्गठित संघ, संस्था वा निकायको विवरण राष्ट्रिय विपद् तथ्याङ्क प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(५) कुनै एक संघसंस्था वा निकायमा संगठित भैरहेको स्वयंसेवक अर्को कुनै संघ संस्था वा निकायमा समेत सङ्गठित हुन सक्नेछ ।तर दोहोरो आवद्धताको सूचना स्वयंसेवकले आफु आवद्ध संघसंस्था वा ब्युरोलाई दिनुपर्नेछ ।

(६) बहुआवद्धता भएका स्वयंसेवकहरूको विवरण सम्बन्धित ब्युरोले अध्यावधिक गर्नुपर्नेछ।

(७) स्वयंसेवक परिचालन भएको समयमा स्वयंसेवकलाई निज सङ्गठित भएको संस्थाले न्यूनतम निर्वाह खर्च उपलब्ध गराउन सक्नेछ ।

१८. **स्वयंसेवकको काम, कर्तव्य**ः स्वयंसेवकको काम कर्तव्य देहाय बमोजिम हुनेछ।

(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा सम्बन्धित ब्युरोसँग समन्वय गरी परिचालित हुने ।

(२) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा प्राप्त निर्देशन, तोकिएको जिम्मेवारी र जवाफदेही भई पारदर्शी र प्रभावकारी रूपमा परिचालित हुने ।

(३) स्थानीय स्तरका विपद्का घटनामा प्रतिकार्य एवं मानवीय सहायताका लागि स्वत: स्फुर्त रूपमा स्वयंसेवा गर्ने ।

(४) स्वीकृत कार्यविधि, मापदण्ड र आचारसंहिताको पालना गर्ने ।

१९. **स्वयंसेवकको आचारसंहिता:** यस कार्यविधि बमोजिम परिचालित हुने स्वयंसेवकको आचारसंहिता देहाय बमोजिम हुनेछ ।

(१) प्रत्येक स्वयंसेवक स्वयं सुरक्षित तथा व्यवस्थित हुनुपर्नेछ ।

(२) स्वयंसेवकले असल आचारण प्रदर्शन गरी सम्मानजनक व्यवहार गर्नुपर्नेछ । कसैलाई जाति, भाषा, लिङ्ग, वर्ण, अवस्था आदिका आधारमा भेदभाव गर्नुहुदैन ।

(३) स्वयंसेवकले स्थानीय परम्परा, संस्कृतिको ज्ञान राखि यथोचित सम्मान गर्नुपर्नेछ । लैङ्गिक सम्बेदनशिलता देखाउनुपर्नेछ ।

(४) स्वयंसेवकले सेवा गर्दा आफ्नो अनुचित प्रभाव देखाउने तथा अवाञ्छित सुविधाको खोजी गर्नुहुदैन ।

(५) स्वयंसेवकले आफ्नो विवरण सम्बन्धित ब्युरोको सम्पर्कमा रही विपद् सूचना प्रणालीमा अद्यावधिक गर्नु गराउनुपर्नेछ ।

(६) स्वयंसेवकले कार्यविधि र प्रचलित कानूनमा भएका व्यवस्थाहरू पालना गर्नुपर्नेछ ।

२०. **स्वयंसेवकको कार्यकालसम्बन्धी व्यवस्था:** (१) सामन्यतया स्वयंसेवकको कार्यकाल निजको ईच्छा शक्ति र क्षमता रहुन्जेल हुनेछ । तर एक प्रकृतिको स्वयंसेवाबाट अर्को प्रकृतिको स्वयंसेवामा खटिँदा निजको ईच्छा र ब्युरोले तोकेको कार्यक्षेत्र तथा कार्यविधि अनुसार खटिन सक्नेछ ।

(२) राष्ट्रिय स्वयंसेवक ब्युरोले विपद्को प्रकृति, जोखिमको अवस्था र जटिलता अनुसार स्वयंसेवकको उमेर हद निर्धारण गर्नसक्नेछ ।

२१. **स्वयंसेवकको क्षमता विकास सम्बन्धी व्यवस्था:** (१) स्वयंसेवकको क्षमता विकासका लागि स्वयंसेवक ब्युरो तथा सम्बन्धित अन्य निकायले देहाय बमोजिमका कार्यहरू गर्नसक्ने छन्:

(क) दफा १२ बमोजिमका विषयगत क्षेत्रसँग सम्बन्धित आधारभूत तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्ने।

(ख) स्वयंसेवकलाई तोकिएको कार्यसम्पादनका लागि आवश्यक औजार, उपकरण, मेशिन र अन्य सामग्रीहरू उपलब्ध गराउने ।

(ग) बिभिन्न प्रकोपबाट हुने सम्भावित विपद् परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास गराउने ।

(घ) स्वयंसेवकको क्षमता विकास सम्बन्धी अन्य काम गर्ने, गराउने ।

२२. **<u>स्वयंसेवक परिचालनसम्बन्धी व्यवस्था:</u>** (१) स्वयंसेवक परिचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) स्वयंसेवकको परिचालन तथा व्यवस्थापन सम्बन्धित स्वयंसेवक ब्युरोले गर्नेछ ।

(ख) सम्बन्धित तहको ब्युरोले स्वयंसेवकहरूको व्यवस्थित परिचालन गर्न नसकेको अवस्थामा सो ब्युरो भन्दा माथिल्लो ब्युरोले गर्नु गराउनुपर्नेछ ।

(ग) सम्बन्धित ब्युरोको समन्वयमा स्वयंसेवकहरू अन्तर स्थानीय तह र अन्तर प्रदेशमा परिचालित हुनसक्नेछन् । तर परिचालित भएको जानकारी सम्बन्धित ब्युरोले राष्ट्रिय स्वयंसेवक ब्युरोमा दिनुपर्नेछ ।

(घ) स्वयंसेवक परिचालनको लागि वित्तिय तथा भौतिक श्रोतसाधनको व्यवस्थापन सम्बन्धित ब्युरोले गर्नुपर्नेछ । सोको व्यवस्थापन गर्दा सम्बन्धित निकाय एवम् संस्थाहरूसँग आवश्यक सहकार्य गर्नसक्नेछ ।

(ङ) अन्तर्राष्ट्रिय स्वयंसेवक परिचालन गर्नु परेमा राष्ट्रिय स्वयंसेवक ब्युरोले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तथा अन्य कानूनी व्यवस्था अनुरूप सम्बन्धित निकायसँग समन्वय गरी परिचालनको व्यवस्था मिलाउनुपर्नेछ ।

२३. **<u>स्वयंसेवकको विमा र स्वास्थ्य उपचारसम्बन्धी व्यवस्था</u>**: (१) स्वयंसेवकको विमा र स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) स्वयंसेवक सूचीकृत गर्दा सम्बन्धित व्यूरोले सम्भव भएसम्म विमा र स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था गर्नु गराउनु पर्नेछ ।

(ख) विमा वा स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था नगरिएको हकमा सम्बन्धित ब्युरोले विमा वा स्वास्थ्य उपचार सम्बन्धि व्यवस्था मिलाउन सक्नेछ ।

(ग) विमा वा स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था गर्न सम्बन्धित ब्युरोले अनुरोध गरेमा सम्बन्धित स्थानीय तहले विमा वा स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था गर्न गराउन सक्नेछ ।

(घ) सम्बन्धित ब्युरोले स्वयंसेवक परिचालन गर्दा संघ, संस्था वा निकाय सूचीकृत गर्दा वा ती संघ संस्था वा निकायको विवरण अद्यावधिक गर्दा वा दर्ता नवीकरण गर्दा सम्बन्धित संस्थाले स्वयंसेवकको औषधि उपचार र दुर्घटना विमा सम्बन्धी व्यवस्था भए नभएको एकिन गर्नुका साथै सो सम्बन्धी अभिलेख अद्यावधिक गर्नुपर्नेछ ।

२४. **<u>स्वयंसेवकलाई स्वयंसेवा गर्न रोक लगाउने वा स्वयंसेवकबाट हटाउने सम्बन्धी व्यवस्था:</u>**

(१) कुनै स्वयंसेवकले आचारसंहिताको पालना नगरेमा वा तोकिएको जिम्मेवारी पुरा गरेको नदेखिएमा सम्बन्धित ब्युरोले उक्त स्वयंसेवकलाई स्वयंसेवा गर्न रोक लगाउन सक्नेछ।

(२) यो कार्यविधि र प्रचलित कानून विपरित कार्य गर्ने स्वयंसेवकलाई सम्बन्धित ब्युरोले हटाउन सक्नेछ।

तर उपदफा (२) बमोजिम हटाउन अघि सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

(३) उप दफा (१) र (२) बमोजिम गरिएको कारवाहीको विषयमा तत्काल राष्ट्रिय स्वयंसेवक ब्युरोलाई जानकारी गराई अभिलेख अद्यावधिक गर्नुपर्नेछ।

(४) कुनै स्वयंसेवकले कुनै कसुर गरेको देखिएमा कसुरको प्रकृति र मात्रा अनुसार प्रचलित कानुन बमोजिम कारवाही गर्न बाधा पर्नेछैन।

**२५. स्वयंसेवाको कदरः** (१) स्वयंसेवकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा सम्बन्धित ब्युरोले नगद पुरस्कारका साथै प्रोत्साहन वा कदर गर्न सक्नेछ। साथै राष्ट्रियस्तरको पुरस्कार, सम्मान र कदरको लागि प्राधिकरणमा सिफारिस गर्न सक्नेछ।

## परिच्छेद — ५
## सरोकारवाला निकाय तथा संघ संस्थाहरूको भूमिका

**२६. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिकाः** (१) प्राधिकरणको भूमिका देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम गठन हुने राष्ट्रिय, प्रदेश, जिल्ला र गाउँपालिका/नगरपालिका ब्युरो गठन र सञ्चालन गर्न सहयोग गर्ने गराउने ।

(ख) स्वयंसेवक परिचालनको लागि संघ, प्रदेश र स्थानीय तहमा आवधिक, वार्षिक तथा विशेष कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

(ग) स्वयंसेवक परिचालनको लागि सम्बन्धित ब्युरोलाई आवश्यक बजेट ब्यवस्था गरी उपलब्ध गराउन सक्ने ।

(घ) स्वयंसेवक ब्युरो गठन, सञ्चालन र क्षमता अभिवृद्धि सम्बन्धमा सबै स्वयंसेवक ब्युरो र संवद्ध संघ, संस्था वा निकायका कार्यको नियमित अनुगमन, मूल्याङ्कन गर्ने र सुधारका लागि आवश्यक सुझाव दिने।

(ङ) दफा १२ मा उल्लिखित विषयहरू स्वयंसेवाका क्षेत्र र सो बमोजिम आवश्यक दक्षता, मापदण्ड र कार्यविवरण निर्धारण गरी लागु गर्ने गराउने।

(च) स्वयंसेवकको रोष्टर तथा विस्तृत विवरणको तथ्याङ्क राख्न राष्ट्रिय, प्रदेश र स्थानीय तहबाट तथ्याङ्क प्रविष्ट गर्न सकिने गरी विद्युतीय माध्यममा राष्ट्रिय डाटावेश तयार गरी सञ्चालन गर्ने। रोष्टरको अद्यावधिक विवरण आवधिकरूपमा गृह मन्त्रालयमा पेश गर्ने।

२७. **<u>प्रदेशस्थित विपद् व्यवस्थापन हेर्ने मन्त्रालयको भूमिकाः</u>** (१) प्रदेश स्तरमा स्वयंसेवक ब्युरो गठन तथा परिचालन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) प्रदेश स्वयंसेवक ब्युरो गठन गर्ने । ब्युरोको सञ्चालन गर्न आवश्यक आर्थिक, प्रशासनिक र प्राविधिक सहयोग गर्ने गराउने ।

(ख) प्रदेशमा स्वयंसेवक क्षमता अभिवृद्धि र परिचालन गर्न प्रदेश स्वयंसेवक ब्युरोलाई आवश्यक सहयोग गर्ने गराउने ।

(ग) प्रदेश अन्तरगत स्वयंसेवक परिचालन गर्न आवश्यक योजना तर्जुमा र कार्यान्वयन गर्न प्रदेश ब्युरोलाई सहयोग गर्ने गराउने

(घ) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ संस्था वा निकायलाई आवश्यक सहयोग, समन्वय र नियमन गर्ने ।

(ङ) यस सम्बन्धमा राष्ट्रिय परिषद्, प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश कार्यकारी समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(च) स्वयंसेवक परिचालन तथा स्वयंसेवकले गरेको कामको विपद् सम्बन्धी विवरण सम्बन्धी बार्षिक प्रतिवेदनमा समेत समावेश गर्ने गराउने ।

२८. **<u>जिल्ला विपद् व्यवस्थापन समितिको भूमिकाः</u>** जिल्ला स्वयंसेवक ब्युरो गठन तथा परिचालन गर्न जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछः

(क) जिल्ला स्वयंसेवक ब्युरो गठन तथा सञ्चालन गर्ने ।

(ख) जिल्ला स्वयंसेवक ब्युरोको सचिवालय सञ्चालनका लागि आवश्यक साधन स्रोतको प्रबन्ध गर्ने ।

(ग) जिल्ला स्वयंसेवक ब्युरोको बैठक आयोजना र ब्युरोको बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्न सहयोग गर्ने ।

(घ) विपद् पूर्वतयारी र विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापमा सुरक्षा निकाय र स्वयंसेवक समुहबीच आपसी सहयोग, समन्वय र सहकार्य गर्न सहजीकरण वातावरण सिर्जना गर्ने ।

(ङ) विपद् पूर्व तयारी र विपद् प्रतिकार्यमा स्वयंसेवक परिचालन सम्बन्धमा प्राधिकरण, प्रदेश सरकार र गाउँपालिका/नगरपालिकासँग आवश्यक समन्वय र सहजीकरण गर्ने।

२९. **<u>गाउँपालिका/नगरपालिकाको भूमिकाः</u>** (१) स्थानीय तहमा स्वयंसेवक ब्युरो गठन तथा परिचालन गर्न गाउँपालिका/नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका/नगरपालिका स्वयंसेवक ब्युरोका साथै समुदाय स्तरमा स्वयंसेवक समूह गठन र सञ्चालन गर्न सहयोग गर्ने।

(ख) गाउँपालिका/नगरपालिका विपद् व्यवस्थापन समिति वा ब्युरोले पेश गरेको स्वयंसेवक विकास तथा परिचालन योजना कार्यपालिकाबाट स्वीकृत गरी लागु गर्ने, गराउने ।

(ग) गाउँपालिका/नगरपालिका अन्तरगत विपद् पूर्वतयारी र विपद् प्रतिकार्यमा स्वयंसेवकको प्रबन्ध र प्रभावकारी परिचालन गर्न स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ संस्था वा निकायसँग समन्वय र सहकार्य गर्न गाउँपालिका/नगरपालिका स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने।

(घ) स्वयंसेवकको क्षमता अभिवृद्धि र परिचालनका लागि उपलब्ध स्थानीय स्रोत परिचालन गर्नुका साथै प्रदेश सरकार र प्राधिकरणसँग समन्वय गरी अन्य आवश्यक स्रोत साधन जुटाउन गाउँपालिका/नगरपालिका ब्युरोलाई सहयोग गर्ने।

(ङ) स्वयंसेवकको क्षमता अभिवृद्धि र परिचालनका लागि रेडक्रस, राजनैतिक दलहरू, अन्य सामाजिक संघ, संस्था वा निकायहरूसँग सहकार्य र समन्वय गर्न गाउँ/नगर स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने।

(च) गाउँपालिका/नगरपालिका स्वयंसेवक ब्युरोले गरेका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने, गराउने।

(छ) स्वयंसेवक परिचालन तथा स्वयंसेवकले गरेको कामको विवरण विपद्सम्बन्धी बार्षिक प्रतिवेदनमा समेत समावेश गर्ने, गराउने।

## परिच्छेद -६
## विविध

**३०. कार्यविधिको कार्यान्वयन:** (१) संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरूले यस कार्यविधि कार्यान्वयन गर्न आवश्यक मापदण्ड र कार्ययोजना तर्जुमा गरी लागु गर्न गराउन सक्नेछ ।

**३१. वाधा, अड्काउ फुकाउने सम्बन्धमा:** (१) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा आइपरेमा प्राधिकरणले बाधा अड्काउ फुकाउनेछ ।

**३२. कार्यविधि परिमार्जन सम्बन्धी व्यवस्था:** (१) प्राधिकरणले आवश्यकता अनुसार यो कार्यविधि परिमार्जन गर्नका लागि कार्यकारी समितिमा पेश गर्न सक्नेछ ।

## अनुसूची - १

## स्वयंसेवक कार्य विवरणमा समावेश हुनुपर्ने बुँदाहरू

- आफुले खटिएको कार्यक्षेत्रमा प्रतिवद्ध भई सामुहिक कार्यमा लाग्नुपर्ने।
- स्वयंसेवक आफै स्वत स्फुर्त रूपमा मानवीय सहायताको लागि परिचालित हुनुपर्ने।
- स्वयंसेवक स्वयंसेवाको लागि आवश्यकतानुसार जुनसुकै समयमा पनि तत्परताका साथ परिचालित हुनुपर्ने।
- स्वयंसेवकले कार्यक्षेत्रमा खटिदा आधारभूत मानवीय मुल्यलाई आत्मसात गर्नुपर्ने।
- स्वयंसेवकले सेवा प्रवाह गर्दा तटस्थता र निस्पक्षता कायम गर्नुपर्ने।
- स्वयंसेवकले आफुले सम्पादन गरेको कामको विवरण सम्बन्धित ब्युरोलाई नियमितरूपमा जानकारी गराउनु पर्ने।
- स्वयंसेवकले कार्यक्षेत्रमा खटिदा अग्रमुखी शैली अपनाई परिचालित हुनुपर्ने।
- स्वयंसेवकले कार्यक्षेत्रमा खटिदा पिडितलाई आवश्यकतानुसार मनोसामाजिक परामर्श दिनुपर्ने।
- आफ्नो दक्षता अभिवृद्धिका लागि प्रयत्नशील हुनुपर्ने।
- स्वयंसेवा कार्यमा सक्षमताका साथ आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गर्ने,
- स्वयंसेवा नि:स्वार्थ तथा भेदभावरहित गर्नुपर्ने।
- स्वयंसेवा "आफ्नो सुरक्षा पहिला (Safety First)", "परस्पर मद्दत", "सामुदायिक मद्दत" अवधारणामा आधारित भई सुरक्षासम्बन्धी सबै मापदण्ड पालना गर्नुपर्ने।

# अनुसूची -२

## विपद् व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८

### स्वयंसेवक आवेदन फाराम

| | | |
|---|---|---|
| **१) नाम, थर :-** | | पासपोर्ट साइजको फोटो |
| **२) ठेगाना :-** | | |
| **अस्थायी ठेगाना :-** | **स्थायी ठेगाना :-** | |
| गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.:- | गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.:- | |
| वार्ड नं.:- | वार्ड नं.:- | |
| टोल/मार्ग/चोक :- | टोल/मार्ग/चोक :- | |
| जिल्ला :- | जिल्ला :- | |
| प्रदेश :- | प्रदेश :- | |
| **३) ना.प्र.नं./रा.परिचय पत्र नं.:-** | | |
| जारी मिति र जिल्ला :- | | |
| **४) पेशा:-** | | |
| **५) सम्पर्क नम्बर :-** | | |
| टेलिफोन नं.:- | मोबाईल नं.:- | |
| ईमेल आईडी:- | | |
| ठेगाना:- | | |
| **६) आवद्ध संस्थाको नाम:-** | | |
| संस्था दर्ता नं.:- | दर्ता मिति :- | |
| सम्पर्क नम्बर :- | | |
| टेलिफोन नं.:- | ईमेल आईडी:- | |
| **तालिम (लिएको/नलिएको):-** | | |
| **लिएको भए तालिमको नाम:-** | | |

| |
|---|
| **तालिमको विषय/प्रकार/किसिम :-** |
| **विषयसँग सम्बन्धित अन्य तालिमहरू:-** |

**.... ..... ...... ..... ..... ...... ......**

**आवेदकको दस्तखत**